बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

प. सं. २०८०/०८१ (........) कोशी प्रदेश, नेपाल

च.नं. ६९ मितिः २०८०/०४/०३

श्री शाखा प्रमुखज्यूहरु (सबै),
श्री वडा सचिबज्यूहरु (१-९ ) सबै,
बेलका नगरपालिका, रामपुर, उदयपुर।

**बिषय : सार्वजनिक सुनुवाई, प्रगति प्रतिबेदन तथा स्वत प्रकाशन प्रतिबेदन, तथ्याङ्क र प्रस्तुति उपलब्ध गराउने सम्बन्धमा।**

प्रस्तुत सम्बन्धमा यस नगरपालिकाको आ.ब.०७९/०८० को समासिसँगै कार्यालयले नियमित रुपमा कार्यसम्पादन गर्न स्वीकृत कार्य सञ्चालन पात्रो तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः२०८०/०४/०१ को सूचनाको हक कार्यान्वयन सम्बन्धी प्रगति बिबरण सम्प्रेषण गर्ने सम्बन्धि परिपत्रका साथै, नियमित चौमासिक सार्वजनिक सुनुवाई र वार्षिक प्रगति प्रतिबेदन/सुनुवाई प्रस्तुतिकरण गर्नको लागि शाखागत, वडागत र कार्यालयगत तथ्याङ्क आवश्यक रहेको हुँदा, यहि मितिः२०८०/०४/१० गते सम्म,तपशिल बमोजिमको, प्रस्तुतिकरण,प्रतिबेदन र आवश्यक तथ्याङ्क अनिवार्य रुपमा सूचना प्रबिधि शाखामा उपलब्ध गराउन हुन जानकारी गराईन्छ ।

<u>तपशिलः</u>

१. अन्तिम चौमासिक सार्वजनिक सुनुवाईका लागि, भौतिक र बित्तिय प्रगति प्रस्तुतिकरण (साबिक तोकिए बमोजिमको ढाँचामा),
२. वार्षिक प्रगति विवरण (भौतिक तथा बित्तिय प्रगति सहित प्रस्तुतिकरण) साबिक तोकिए बमोजिमको ढाँचामा,
३. सूचनाको हक कार्यान्वयनका लागि आवश्यक अन्तिम त्रैमासिक कार्य सम्पादन भौतिक तथा बित्तिय प्रगति बिबरण सहितको प्रतिवेदन ।

**नोटः सम्पूर्ण तथ्याङ्क, विवरण, भौतिक र बित्तिय प्रगति साबिक कार्यालयले प्रेषण गरेको ढाँचामा अध्यावधिक भए बमोजिम पछि सम्म फरक नपर्ने गरी उपलब्ध गराउनु पर्ने छ ।**

२०८०/४/३
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री नगर प्रमुखज्यू, को सचिवालय,बेलका नगरपालिका, रामपुर, उदयपुर
श्री नगर उप-प्रमुखज्यू, को सचिवालय, बेलका नगरपालिका, रामपुर, उदयपुर ।
श्री वडा अध्यक्ष ज्यूहरु (१-९) सबै, बेलका नगरपालिका, रामपुर, उदयपुर ।